नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी संख्याः-

## प्रेस विज्ञप्ती

मिति २०८० फाल्गुन ८ देखि ११ (तदनुसार २०२४ फेब्रुअरी २० देखि २३) गतेसम्म बैङ्ककस्थित संयुक्त राष्ट्रसङ्घ अन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद् (United Nations Economic and Social Council for Asia and the Pacific) मा आयोजना भएको दिगो विकास सम्बन्धी एघारौं एसिया प्रशान्त मञ्च (Eleventh Asia Pacific Forum on Sustainable Development) को अध्यक्षमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ निर्वाचित हुनुभएको छ। मित्रराष्ट्र जापानले माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई यस मञ्चको अध्यक्ष चयन गर्न प्रस्ताव गरेकोमा बङ्गलादेश र श्रीलङ्काका प्रतिनिधिले समर्थन गरे पश्चात् उहाँ सर्वसम्मत निर्वाचित हुनुभएको हो। मञ्चको अध्यक्ष निर्वाचित भएपश्चात् कार्यक्रममा उपस्थित सबै सदस्य राष्ट्रका प्रतिनिधिहरूलाई उपाध्यक्ष श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभयो।

मञ्चमा अन्तर्राष्ट्रिय साझा एजेण्डाका रुपमा रहेका दिगो विकास लक्ष्यमा यस क्षेत्रका राष्ट्रहरुले गरेको प्रगतिको समीक्षा गरिनुका साथै आगामि दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल हुँदैछ। **Reinforcing the 2030 Agenda for Sustainable Development and eradicating poverty in times of multiple crises: The effective delivery of sustainable, resilient, and innovative solutions in Asia and the Pacific** बिषयमा भइरहेको चार दिवसीय छलफल दिगो विकास लक्ष्य १, २, १३, १६ र १७ मा केन्द्रित रहने छ। छलफलमा भएको सहमतिका आधारमा एसिया प्रशान्तक्षेत्रमा दिगो विकास लक्ष्य कार्यान्वनमा प्राप्त भएको सफलता र चुनौतिका सन्दर्भमा सन् २०२४ को जुलाईमा हुने संयुक्त राष्ट्रसङ्घको उच्चस्तरीय राजनीतिक मञ्च (High Level Political Forum) मा प्रतिवेदन पेश हुनेछ।

एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद्मा ५३ सदस्य राष्ट्र तथा ९ वटा अन्य संस्थाहरू आबद्ध रहेका छन। मञ्चमा हुने छलफलमा सदस्य राष्ट्रहरुका सरकारका प्रतिनिधिका अतिरिक्त नागरिक समाज, निजीक्षेत्र, सामाजिक सङ्घसंस्था, युवा, बालबालिका, किसान लगायतका बहुसरोकारवालाहरूको सहभागिता रहेको छ।

मिति : २०८०/११/०८

(यमलाल भूसाल)
सहसचिव एवं प्रवक्ता

फोनः ०१-४२११०३२, ४२११६३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np